नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५ २०८१ साल साउन ३१ गते बिहीबार (15 Aug. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल र चीनबीचको सम्बन्धको... ३ पृष्ठमा : मुक्त हरवाचरवाको अझै ... ३ पृष्ठमा तालिबान सत्तारोहणका ...

# विभिन्न ८ बुँदे माग राख्दै राजगढ गाउँपालिकामा धर्ना

## धर्नाका कारण कार्यालयको कामकाज प्रभावित



**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाका जनप्रतिनीधी तथा गाउँवासीले बहुमत नपुऱ्याई गरिएको गाउँसभा रद्धसहित विभिन्न ८ बुंदे माग अघि सार्दै शुरु गरेको आन्दोलन कार्यक्रम अन्तर्गत बुधबार गाउँपालिका कार्यालय परिसरमा धर्ना दिएका छन् ।

कार्यालय खुल्ना साथ उनीहरु कार्यालय भवनको मुल गेटमै धर्ना बसेका हुन् । गेटमै धर्ना बसेका कारण कर्मचारीहरु समेत कार्यालयमा छिर्न पाएनन् । जसले गर्दा बुधबार कार्यालयको कामकाज समेत प्रभावित भएको छ ।

क्यान्सर रोगले पीडित विरामी सोही गाउँपालिका वडा नं. ५ का अध्यक्ष ७३ वर्षिय दु:खिलाल भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा पुगेको अन्य जनप्रतिनीधी तथा गाउँवासी सो धर्नामा बसेका छन् ।

साउन २२ गते आन्दोलन कार्यक्रम सहितको ज्ञापनपत्र गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डललाई बुझाउने क्रममा समाचार संकलन गर्न गएका पत्रकारहरुलाई गाउँपालिकाका अध्यक्ष मण्डलले दुर्व्यवहार गरेको घटनाप्रति धर्नामा बसेका उनीहरुले दु:ख व्यक्त गर्दै आन्दोलनको कार्यक्रम सुरु गरेका थिए ।

यसअघि विधि विधान मिचेर गरिएको गाउँसभा रद्द गरि पुन: नयाँ मिति तोकेर अर्को गाउँसभा गर्न माग गर्दै पालिका अध्यक्ष मण्डललाई गत मंगलबार उनीहरुले ज्ञापनपत्र समेत बुझाएका थिए ।

त्यसअघि सदरमुकाम राजविराजमा पनि प्रर्दशन गर्दै स्थानीय प्रहरी प्रशासन प्रमुखलाई गाउँपालिकामा ऐन कानुन मिचेर गरिएको गाउँसभा बदरका लागि पहल गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका थिए ।

आन्दोलनका कार्यक्रम अनुसार भदौं साउन ३० देखी भदौं १ सम्म कार्यालय समयसम्म धर्ना, भदौं २ गते पालिकामा तालाबन्दी तथा भदौं ५ गतेदेखी लगातार नाराजुलुस र प्रदर्शनको कार्यक्रम गरिने रहेको छ ।

आन्दोलनरत पक्षधरले गत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दाबीसहित उक्त गाँउसभाबाट पारित निर्णयहरु यथास्थितीमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुन: गाउँसभा गर्नू पर्ने प्रमुख माग अघि सारेका छन् ।

त्यसैगरि गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन । जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन ।

पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-ब्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुविधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि उनीहरुले अघि सारेका छन् ।

# छिन्नमस्ता मन्दिर समिति विघटन



**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरको संरक्षण सम्वर्द्धन समिति अर्को व्यवस्था नहुन्जेल सम्मका लागि विघटन गरिएको छ ।

अर्को नयाँ विधान दर्ता भई कार्यान्वयन नहुन्जेलसम्मका लागि मन्दिरको दैनिक कार्य संचालन तथा पूजापाठ व्यवस्थापनका लागि गुठियार अविनाश कुमार प्याकुरेल, मन्दिरका पीठाधीश महाकान्त ठाकुर, मूलपूजारी भुवन ठाकुरसहित सम्पूर्ण पुजारीहरु मिलि गर्ने निर्णय समेत गरिएको छ ।

बुधबार प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीको संयोजकत्वमा बसेको जिल्ला सुरक्षा परिषद्को बैठकले सो निर्णय गरेको हो ।

बैठकमा गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरी, वडा नं. ३ का अध्यक्ष बिजयकुमार यादव, गाउँपालिकाका सल्लाहकार तेजनारायण यादव, पीठाधीश ठाकुर, समितिका सचिव वावुनारायण मण्डल लगायतको उपस्थिति रहेको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

# अपरिचित पुरुषको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ३ शम्भुनाथ मन्दिर जाने बाटोमा बुधबार एक अपरिचित पुरुषको शव फेला परेको छ ।

नाम थर वतन नखुलेको तराई मुलुकको जस्तो देखिने अन्दाजी ५०/५५ को पुरुष ब्यक्ति मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय रुपनी तथा जिल्लाबाट खटेको प्रहरी टोलीले थप अनुसन्धान कार्य गरिरहेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले हाल सम्म सनाखत हुन नसकेको ती पुरुषको शव चिन्नु हुने जो कसैले नजिकको प्रहरी कार्यालयमा सम्पर्क राख्न अनुरोध गरेका छन् ।

# पर्खाल झरेर च्यापिएर महिला मजदुरको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

मजदुरको रुपमा काम गरिरहेकी एक महिलामाथी पर्खाल झर्दा च्यापिएर मृत्यु भएको छ ।

राजबिराज नगरपालिका वडा नं. ५ बस्ने राजाराम दासको घरको पर्खाल प्लास्टर गर्ने क्रममा राजविराज वडा नं. ९ मलेठ बस्ने ४० वर्षिया उर्मिला महतोको बुधबार मृत्यु भएको हो ।

पर्खाल झरी टाउको, हात र शरीरको विभिन्न भागमा चोट लागेर घाइते भएकी उनलाई तत्काल उपचारका लागि छिन्नमस्ता अस्पतालमा भर्ना गर्दा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरी प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले घटना बारे अनुसन्धान भइरहेको जनाएका छन् ।

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : कंचनरुप नगरपालिका, सप्तरी

## सम्पादकीय

### सरकारको ध्यान पुगोस्

मुलुकको व्यापार, व्यवसायहरु चौपट बनिरहेको अवस्था छ। बैंक तथा बित्तिय संस्थाहरुले ऋण प्रवाह गरिरहेका छैनन्। जसकारण अधिकांश ब्यापार, व्यवसाय बन्द हुन पुगेको छ। ऋण प्रवाह नहुँदा त्यसको मार व्यवसायी तथा आम जनताहरुमा समेत परेका छन्। व्यापार चौपट बन्दै गएको अवस्थामा महँगो दरमा पसल थापेर बसेका ब्यापारीहरुलाई भाडा तिर्न पनि धौं धौं पर्दा सटर छोड्न बाध्य छन्।

सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, ब्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ। यस्तो अवस्थामा सबैभन्दा पहिले सरकारले आमजनतालाई बाच्न पाउने स्थिर वातावरण बनाउन अग्रसरता देखाउनु जरुरी छ। जनता आत्मनिर्भर भए मात्र देश समृद्ध हुन सक्छ भन्ने कुरालाई सरकारले बुझ्नु उत्तिकै जरुरी छ। व्यापार, ब्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव हुन्छ तर, यस अवस्थाप्रति सरकार अझै गम्भिरता हुन सकिरहेको छैन्।

तसर्थ जनता समृद्ध भए देश समृद्ध हुने र अर्थतन्त्र पनि बलियो हुनुका साथै राजश्वमा बृद्धि हुने कुरामा सबैले मनन् गरि वित्तिय संस्था तथा सरकार समेत गम्भिर हुनु आवश्यक छ। उद्योग, व्यापार बलियो भए मात्र देशको अर्थतन्त्र बलियो हुने कुरा मनन् गर्नु जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल र चीनबीचको सम्बन्धको आधार

**महेन्द्रप्रकाश सिवाकोटी**

काठमाडौँ, ३० साउन (रासस)।

नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ। नेपाल र चीन, दुई पुराना सभ्यताका प्रमुख मित्रराष्ट्रहरू, अनादिकालदेखि नै आपसमा गहिरो सम्बन्ध राख्दै आएका छन्। हिमालय पर्वतको शृङ्खला र विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक र ऐतिहासिक पक्षहरूले जोडिएका यी दुई देशबीचको सम्बन्ध औपचारिक र अनौपचारिक तहमा विकसित हुँदै आएको छ। पहाड, पर्वत, नदीनाला र हिमालयले मात्र नभई, सांस्कृतिक, धार्मिक, सामाजिक र सामरिक रूपमा पनि नेपाल र चीनबीचको सम्बन्ध दृढ र व्यापक भएको छ। नेपाल-चीन सम्बन्धलाई अझै सुदृढ बनाउनका लागि समय-समयमा विभिन्न सन्धि-सम्झौताहरू भएका छन्, जसले यी दुई राष्ट्रलाई पारस्परिक सुरक्षा, व्यापारिक सहकार्य र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा एक-अर्काको महत्वपूर्ण साझेदार बनाएको छ। नेपाल र चीनबीचको यो सम्बन्धले क्षेत्रीय स्थायित्व र शान्तिमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ।

नेपाल र गणतन्त्र चीनको बीच दौत्य-सम्बन्ध स्थापना गर्ने सम्झौतामा नेपाल सरकार र गणतन्त्र चीन सरकारका बीच २०१२ श्रावण १२ गते (२७ जुलाई १९५५) मा हस्ताक्षर भएको थियो। दुवै सरकारले पाँच सिद्धान्तलाई आपसको सम्बन्ध सञ्चालन गर्ने मूल सिद्धान्त हुनुपर्छ भन्ने स्वीकार पनि गरेका छन्। यसमा एकले अर्कोको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुण्णताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनैतिक र सैद्धान्तिकरूपका कुनै कारणबाट पनि एकले अर्कोको आन्तरिक मामलामा हस्ताक्षेप नगर्ने, समानता र पारस्परिक हित र शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गरिएको थियो।

नेपालको परराष्ट्रनीतिको प्रमुख लक्ष्य सुरक्षा हो। नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठूला राष्ट्रबीचको राष्ट्र भएकाले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ। चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो। सुरक्षाको स्वार्थलाई नै नेपालले चीनसँगको सन्धि-सम्झौता गर्दा प्रमुख आधार बनाएको हुन्छ। नेपाल विकासशील र पिछडिएको मुलुक भएकाले विदेशी सहयोग र सद्भावनाद्वारा आर्थिक विकास गर्ने लक्ष्य रहेको छ र चीनसँगको सम्बन्ध र सन्धि-सम्झौताको दोस्रो आधार पनि यसैलाई मानिएको छ। त्यस्तै चीनको पनि नेपालसँगको सम्बन्धका लागि सुरक्षा स्थायित्व र अन्तर्राष्ट्रिय क्रियाकलापमा समर्थन नै प्रमुख रूपमा रहेको पाइन्छ। चीनको दक्षिणमा रहेको नेपाल हुँदा नेपालले सधैँ चीनको सुरक्षाको लागि महत्वपूर्ण स्थान लिएको छ। चीन सधैँ हिमालय क्षेत्रमा शान्ति र स्थायित्व चाहन्छ। यसो हुँदा नै हिमालय क्षेत्रमा शान्ति भएमा चीनको समेत सुरक्षा हुने हुँदा नेपालसँगको सम्बन्धलाई यही सुरक्षात्मक अवधारणालाई प्रमुखता दिएको पाइन्छ।

यस्तै चीनको नेपालसँगको दोस्रो स्वार्थ भनेको तिब्बतमा स्थायित्व कायम गर्नु हो। तिब्बतमा बारम्बार हुन सक्ने अस्थिरताबाट सुरक्षित हुनका लागि चीनले नेपालबाट चीनविरूद्ध हुने कुनै पनि कदमलाई प्रोत्साहित नगरियोस् भन्ने कुरामा ध्यान दिई यसैका लागि सन्धि-सम्झौताहरूमार्फत यो स्थिति प्राप्त गर्न खोजेको पाइन्छ। चीनको तेस्रो स्वार्थ भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको नीतिको राजनीतिक समर्थन चाहेको देखिन्छ। एक चीनको नीतिको रूपमा तिब्बत तथा ताइवानलाई अलग राज्य नमानी एउटै राज्यको रूपमा मान्यता नेपालले कायम राखोस् भन्ने चीनको स्वार्थ देखिन्छ। छिमेकी नेपाल हुँदा यसलाई यो समर्थनको विशेष अर्थ पनि रहन्छ। यस्तै चीनको अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको नीतिलाई नेपालले समर्थन गरोस् वा समर्थन नगरेपनि यसको विरोधमा नजाओस् भन्ने चीनको चाहना रहेको पाइन्छ। यसैले नेपालको सुरक्षा स्थायित्व तथा नेपालको विकासमा सहयोग गर्नका लागि चीनले सहयोग गर्ने नीतिअन्तर्गत नै वैध सम्बन्ध स्थापित गर्ने उद्देश्यले सन्धि-सम्झौताहरू भएको देखिन्छ।

नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदान-प्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरूमा लाभ लिन सक्छ। पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेल्वे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ। चीनसँगको सहकार्यले नेपालको भौगोलिक सम्पर्कमा सुधार ल्याई व्यापार, पर्यटन, र क्षेत्रीय विकासलाई तिब्र बनाउन सक्छ। यो प्रयासले देशभित्रको यातायात प्रणालीलाई पनि आधुनिकीकरण गर्न मद्दत पुऱ्याउनेछ। यसले नेपालको आर्थिक वृद्धि र समृद्धिमा महत्वपूर्ण योगदान दिन सक्छ।

नेपालले चीनसँगको सम्बन्धबाट पर्यटन, कृषि, र उत्पादन क्षेत्रमा चिनियाँ लगानी आकर्षित गरेर अझै धेरै लाभ लिनसक्छ। व्यापारिक मार्गहरू, जस्तै ट्रान्स-हिमालय बहुआयामिक सम्पर्क नेटवर्क विकास गर्नाले व्यापार र लगानीमा वृद्धि हुन सक्छ। चीनसँगको व्यापार सम्बन्ध विशेषगरी कृषि उत्पादन र हस्तकला सामग्रीको लागि चिनियाँ बजारमा पहुँच विस्तार गरेर अझै बलियो बनाउन सकिन्छ। यसले नेपालको निर्यातको विविधिकरणमा मद्दत पुऱ्याउनेछ र व्यापार घाटा घटाउनेछ। साथै, स्थानीय उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन र आर्थिक अवसरहरू सिर्जना गर्न पनि मद्दत पुग्दछ। यसले नेपालको व्यापारिक सम्बन्धलाई दीर्घकालीन र सुदृढ बनाउन सक्छ। चीनसँग पर्यटन सम्बन्धलाई प्रोत्साहन गरेर नेपाललाई चिनियाँ पर्यटकहरूको प्रमुख गन्तव्यको रूपमा प्रचार गर्न सकिन्छ। यसबाट चिनियाँ पर्यटकहरूको संख्या वृद्धि हुने र नेपालको आतिथ्य, सेवा क्षेत्र, र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। साथै, पर्यटनले दुई देशबीचको सांस्कृतिक आदान-प्रदानलाई पनि बढावा दिनेछ।

यसैगरी दुई देशबीचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई प्रगाढ बनाउनका लागि छात्रवृत्ति, भाषा कार्यक्रम, र संयुक्त अनुसन्धान पहलहरू सञ्चालन गर्न सकिन्छ। यसले दुवै देशका नागरिकहरूबीच आपसी समझदारी बढाउनेछ र शैक्षिक सहकार्यले नेपालको मानव संसाधनलाई सुधार गर्नेछ। यस प्रकारको आदान-प्रदानले दुवै देशका युवाहरूमा मित्रता र सहकार्यको भावना बलियो बनाउनेछ। जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले चीनसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ। हिमालयको संरक्षण, दिगो विकास, र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ। यसबाट दुवै देशले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न सक्नेछन् र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न मद्दत मिल्नेछ। यस्तो सहकार्यले दुवै राष्ट्रको वातावरणीय समृद्धिमा योगदान दिनेछ। विश्वव्यापी गतिशीलतामा परिवर्तनको रूपमा नेपालले चीन र भारत दुवैसँगको सम्बन्धलाई सन्तुलनमा राख्न सक्दछ। दुवै छिमेकीहरूसँगको सहकार्यबाट लाभ उठाउँदै आफ्नो सार्वभौमिकता र स्वतन्त्रतालाई कायम राख्न सक्छ।

नेपाल र चीनबीचमा विभिन्न किसिमका सन्धि-सम्झौताहरू भएका छन्। नेपाल र चीनबीचको सम्बन्ध प्राग ऐतिहासिक कालदेखि नै भएको थाहा पाइन्छ। नेपाल उपत्यकामा पानीको सतह रहेकै अवस्थामा नेपालमा महामञ्जुश्रीको आगमन भएको थियो। उनले त्यसबेलाका यहाँका कविला राज्यलाई पराजित गरी नयाँ राज्यको स्थापना गरेका भिए। यो युद्ध हिमाल पारको व्यापार खुलाउन र दक्षिणतर्फबाट आफूलाई सुरक्षित गराउनका लागि महामञ्जुश्रीले आधिपत्य कायम गरी नयाँ राज्यसँग सम्झौता गरेको भन्ने देखिन्छ। त्यसयता दुई देशबीच विभिन्न समयमा दर्जनौं भएका सन्धि-सम्झौताहरू भएका छन्। हुम्ला राज्यसँग सन्धि, स्रोङचङ गोम्पोसँगको सन्धि, खश चीन सन्धि, नेपाल तिब्बत मुद्रा सन्धि, भीममल्लको भोटसँगको सन्धि, रामशाहको सन्धि, मुद्रा विवाद र गोरखासँगको सन्धि, नेपाल भोट युद्ध र केरूङ् सन्धिहरू भएका थिए।

त्यस्तै नेपाल तिब्बत चीनबीचको बेत्रावती सन्धि, १७९३, नेपाल तिब्बतबीचको थापाथली, १८५६ को सन्धि, नेपाल भोटबीचको केरूङ सन्धि १८८४, नेपाल-चीन सम्झौता १९५६, नेपाल-चीनबीचको पञ्चशीलको सन्धि, आर्थिक सहयोग सम्झौता, सन् १९५६, शान्ति तथा मैत्री सन्धि, अप्रिल २८, १९६०, नेपाल-चीन सीमा सम्झौता १९६०, राजमार्ग निर्माणसम्बन्धी सम्झौता, व्यापार सम्झौता १९६४, नेपाल र चीनबीच स्वशासित क्षेत्र तिब्बत र नेपालबीचको सम्झौता १९६६, नेपाल र चीनबीच व्यापार सम्झौता १९६८, व्यापार तथा भुक्तानी सम्झौता १९७४, नेपाल र तिब्बतबीच व्यापार लगायतसम्बन्धी सम्झौता १९८६ गरिएका थिए। यसैगरी सन् १९९९ पछि सांस्कृतिक सम्झौता, सैनिक सम्झौता, आर्थिक व्यापारिक समिति गठनको सम्झौता र आर्थिक सहयोग सम्झौता पनि भएका छन्।

समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ। चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एक-आपसमा कटिबद्ध, मजबुत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एशियाका चम्किला तारा झैं स्थापित हुनेछन्। चीनले पनि नेपालको सुरक्षाका लागि योगदान दिएको छ र नेपालले पनि चीनको सुरक्षाका लागि योगदान दिएको छ। हामीले यो इतिहासलाई कहिल्यै भुल्नु हुँदैन। नेपाल र चीनबीचमा बेलाबखत हुने गरेका मतभेदहरूलाई सौहार्दतापूर्वक छलफल-बहस गरेर समाधान गर्नुपर्दछ।

व्यापार असन्तुलनको व्यवस्थापन र पूर्वाधार परियोजनाहरूले स्थानीय समुदायलाई फाइदा पुऱ्याउन सुनिश्चित गर्न नसक्नु आज दुई देशबीचका प्रमुख चुनौतीहरू हुन्। दुई देशबीचको यति लामो सम्बन्धलाई कुनै पनि हालतमा बिग्रन दिनु हुँदैन। दुवै देशबीच सन्धि-सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने एक-आपसमा चिसोपना आउन सक्छ। तसर्थ, नेपाल र चीनबीचमा भएका सन्धि-सम्झौताहरूलाई सम्बन्धित पक्षले कार्यान्वयनमा विशेष जोड दिनुपर्छ। चीनको प्रविधि र समृद्धिलाई नेपालमा के कसरी जोड्न सकिन्छ, त्यस विषयमा पनि दुवै देशले ध्यान दिएर एक-आपसमा साथ सहयोगको भावना अगाडि बढाउनु जरूरी देखिन्छ। संक्षेपमा, नेपाल-चीन सम्बन्धले भविष्यको विकासको लागि ठूलो सम्भावना बोकेको छ। यस सम्बन्धलाई सावधानीपूर्वक व्यवस्थापन गरेर, नेपालले आफ्नो रणनीतिक स्थानलाई आर्थिक समृद्धि र दिगो विकास प्राप्त गर्न उपयोग गर्न सक्नुपर्छ। *(लेखक नेपाल सरोकार मञ्चका अध्यक्ष हुनुहुन्छ)*

# मुक्त हरवाचरवाको अझै न्यायिक पुनःस्थापना हुन सकेन

**सुशील दर्नाल**
काठमाडौँ, ३० साउन (रासस) ।
सरकारले हरवाचरवा, हलिया, कमलरी र कमैया मुक्तिको घोषणा गरिसकेको छ । तीमध्ये हरवचरवाबाहेको पुनःस्थापनाका लागि कामसमेत गरिहरेको छ तर हरवाचरवाको हकमा भने मुक्तिको घोषणा कागजमै सीमित हुनपुगेको सरोकार भएकाहरूले गुनासो गरिरहेको छन् ।

नेपालको संविधानले मौलिक हक तथा मानवअधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी प्रावधान, दासता, बाध्यकारी श्रम, बालश्रम तथा मानव बेचबिखनलाई निषेधित र दण्डनीय मानेको छ । दासत्व अभ्यासको विधिवत् अन्त्य र दासमुक्तिको एक शताब्दी बित्दासमेत समाजमा कुनै न कुनै रूपमा समस्या कायमै रहेको जानकारहरू बताउँछन् । संविधानको धारा २९ शोषणविरुद्धको हकअन्तर्गत उपधारा (३) र उपधारा (४) मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने प्रावधान छ तर विशेषगरी मधेश प्रदेशमा रहेको हरवाचरवा प्रथामा भने अहिले पनि बाध्यकारी श्रमको अवस्था कायमै रहेको राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डलको भनाइ छ । पछिल्लो पटक तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले विसं २०७९ साउन २ गते हरवाचरवा मुक्तिको घोषणा गरेको थियो तर त्यसपछि पुनर्स्थापनाका कुनै काम अगाडि नबढेको उहाँले बताउनुभयो । “मुक्तिको घोषणा गर्दा सरकारले तथ्याङ्क संकलन, वर्गीकरण र सोआधारमा परिचय पत्र दिएर न्यायिक पुनर्स्थापना गर्ने, ऋण मिनाहा गरी मर्यादित जीवन, सामाजिक सशक्तीकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता जनाएको थियो । त्यो अहिले सम्म पूरा भएको छैन”, अध्यक्ष मण्डलले भन्नुभयो ।

संविधानको धारा ४० को उपधारा (५) र (६) मा दलितलाई एकपटक जमिन र एकपटक आवास उपलब्ध गराउने मौलिक हकको व्यवस्था छ । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारको मान्यता दिए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यीनै प्रवाधानसमेतलाई मध्यनजर गरी मुक्त घोषणा गरिएका हरवाचचवाले आवास तथा कृषियोग्य जमिनसहित आधारभूत अधिकार कार्यान्वयनको माग गर्दै आएका छन् । आफ्ना नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने, स्पष्ट तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्नुपर्ने, पुनःस्थापना गर्दा कम्तीमा १० कट्ठा जमिन प्रदान गर्नुपर्ने र आफ्ना लागि शिक्षा, स्वास्थ्यसँगै रोजगारीसहितको पुनःस्थापना गर्नुपर्ने माग उनीहरूले गरिरहेका छन् । अध्यक्ष दशन मण्डल बधुवा श्रम र बहुआयामिक गरिबीको स्थितिमा रहेका आफूहरूलाई त्यसबाट पूर्णतया मुक्त गरेर आवश्यक सीप, औजारयुक्त आधुनिक कृषक वा श्रमिकमा रूपान्तरण गर्नुपर्ने मागको सुनुवाइ गर्न सरकारले ध्यान नदिएको गुनासो गर्नु हुन्छ ।

राष्ट्रिय दलित नेटवर्कका संस्थापक अध्यक्ष गणेश विक नेपालमा विद्यमान हरवाचरवा प्रथाको अन्त्य, मुक्तहलिया र कमैयाको प्रभावकारी पुनःस्थापना, कृषि बँधुवा मजदुर प्रणालीको अन्त्य गर्दै न्यायपूर्ण श्रमसम्बन्ध कायम गर्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ । सबैभन्दा उत्पीडनमा रहेका हरवाचरवालगायत वर्ग तथा समुदायको सम्मानित र मर्यादित जीवनका लागि काम नभएसम्म सामाजिक न्यायमा आधारित समृद्ध नेपाल निर्माण हुन नसक्ने उहाँको भनाइ छ । “नेपालमा हलिया, कमैया, कम्लरी र सबैभन्दा पछिल्लोपटक हरवाचरवा मुक्तिको घोषणा गरियो । अरूका हकमा केही काम भएका छन् तर हरवाचरवाका हकमा मुक्तिको घोषणा गर्ने बाहेक सरकारी तवरबाट ठोस काम अगाडि बढ्न सकेन”, अधिकारकर्मी विकले भन्नुभयो,“अब सरकारले ठोस योजनासहित मुक्तिको घोषणा गर्दा गरेका प्रतिबद्धता कार्यान्वयन गर्नुपर्छ । यसमा तीनै तहका सरकारको एकीकृत पहलकदमी आवश्यक छ ।”

उहाँले विसं २०७८ मङ्सिर १७ गते सरकारद्वारा गठित मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थिति अध्ययन समितिको सिफारिस कार्यान्वन गर्न सके धेरै समस्या समाधान हुने जिकिर गर्नुभयो ।

विगतमा बाध्यात्मकरूपमा अरूका घरमा ऋण, जमिन वा पछि अन्नपात पाउने सर्तमा काम गरिरहेका कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरवा र गाईबस्तु चराउने चरवा भन्ने गरिएको थियो । उनीहरूले यसर अरूको कामदारका रूपमा रहँदा उचित ज्याला नपाउनुका साथै बाबुबाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता थियो । सरकारले कागजमा यी बन्धनबाट मुक्तिको घोषणा गरे पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको आरोप सरोकार भएकाहरूले अहिले पनि लगाइरेका छन् ।

सन् २०१३ मा विश्व श्रमसङ्गठनले गरेको अध्ययनमा पुस्तौँदेखि न्यायिक ज्यालाविनै श्रम गर्न बाध्य हरवाचरवा नेपालमा एक लाखभन्दा बढी भएको अनुमान गरिएको छ । हाल ‘द फ्रिडम फन्ड तथा सिएसआरसी’ले गरेको अध्ययनले उनीहरू अनियमित ऋणका कारण अझै पनि बँधुवाका रूपमा रहेको तथ्य जनाएको छ ।

# राष्ट्रपतिसमक्ष मधेसी आयोगको वार्षिक प्रतिवेदन पेस

काठमाडौँ, ३० साउन (रासस) ।
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मधेसी आयोगले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेस गरेको छ । आयोगका अध्यक्ष डा विजयकुमार दत्तले राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार राष्ट्रपति पौडेलसमक्ष प्रतिवेदन पेस गर्नुभएको हो ।

आयोगले पीडितलाई न्याय दिलाउन वार्षिक रुपमा प्राप्त भएका उजुरीहरूको आवश्यक छानबिन तथा तकहितका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ । त्यस अवधिमा ५८ वटा उजुरी तथा गुनासा प्राप्त प्रतिवेदनमा उल्लेख छ ।

मधेसी समुदायको हकहितको संरक्षण, प्रवर्द्धन र मधेसी समुदायको सशक्तिकरणको लागि स्थापित आयोगलाई मधेसी समुदायका अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी आयोगको ऐनअनुसार छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी छ ।

आयोगद्वारा सिफारिस भएका मुख्य विषयमा पहिचानभित्रको पहिचान, बैंकिङ लगानी विपन्नमैत्री, निजामती सेवामा प्राविधिकीकरण, सखडेश्वरी भगवतीलाई विश्व सम्पदामा सूचीकृत गर्न, धार्मिक द्वन्द्वको अनुसन्धानका लागि उच्चस्तरीय न्यायिक समिति गठन र मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि आउने रकम एकद्वार प्रणालीबाट भित्र्याउन गरिएको पहललगायत छन् । सीमा व्यवस्थापन, पर्यावरण न्याय, मूर्त तथा अमूर्त प्राकृतिक सम्पदा, निरपेक्ष गरिबीको रेखामुनी रहेकाको वास्तविक पहिचान, सामाजिक सुरक्षा भत्ता, प्राकृतिक पर्यटन, मातृभाषा दशक, लोकनायकलाई सुचीकृत गर्न, नैतिक शिक्षाको उपयोग, शिक्षामा एकद्वार प्रणाली, चुरे संरक्षण, जनककालीन दरबार, हुलाकी राजमार्ग निर्माणलगायत रहेका छन् ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

“सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ”



अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी


# विश्व समाचार

## तालिबान सत्तारोहणका तीन बर्ष

बगराम (अफगानिस्तान), ३० साउन (रासस/एएफपी) ।
अफगानिस्तानको सत्ता कब्जा गरेको तालिबानले आफ्नो शासनको तेस्रो वर्षगाँठको अवसरमा बुधबार पूर्व अमेरिकी बगराम एअर बेसमा उत्सव मनाएको छ ।

नेताहरूको भाषण सुन्न र सैन्य परेड हेर्नका लागि काबुलबाट करिब ४० किलोमिटर टाढा रहेको बेसमा विदेशी कूटनीतिज्ञसहित सयौँ व्यक्ति भेला भएका थिए ।

सन् २०२१ को अगष्ट १५ मा अमेरिका समर्थित सरकार ढलेपछि र यसका नेताहरू निर्वासनमा भागेपछि तालिवान सेनाले राजधानी काबुल कब्जा गरेको थियो । यो वर्षगाँठ अफगान क्यालेन्डरमा एक दिन अघि नै मनाइन्छ ।

दुई दशकदेखि अफगानिस्तानमा अमेरिकी नेतृत्वको अभियानको केन्द्रको रूपमा रहेको अफगानिस्तानको सबैभन्दा ठूलो हवाई अड्डामा भएको कार्यक्रममा वरिष्ठ तालिवान अधिकारीहरू हेलिकप्टरमा पुगेका थिए ।

आफ्नो २० वर्षे विद्रोह अन्त्य गरेको तीन वर्षमा तालिबान सरकारले इस्लामको कडा व्याख्यामा आधारित कानुनहरू लागू गर्दै देशमाथि आफ्नो पकड बलियो बनाएको छ ।

संयुक्त राष्ट्रसङ्घले ‘लैङ्गिक रङ्गभेद’ भनिने नीतिको मार झेलिरहेका महिलामाथिको प्रतिबन्धका कारण सरकार अन्य कुनै पनि राज्यबाट मान्यता प्राप्त गर्न सकेको छैन ।

समारोहको केही दिन अघि, तालिवान कार्यकर्ताहरू काबुल वरिपरि वार्षिकोत्सवको मितिको साथ ‘बधाइ’ लेखिएको ब्यानर र साइनबोर्डहरू टाँस्न व्यस्त थिए ।

पूर्वअमेरिकी बगराम एयर बेसमा गरिएको सभालाई सम्बोधन गर्दै तालिबानका प्रधानमन्त्री मोहम्मद हसन अखुन्दले इस्लामिक शासन कायम राख्नु र राष्ट्रियताको सुरक्षा गर्नु आफ्नो सरकारको प्रमुख लक्ष्य रहेको बताउनुभएको छ ।

**इस्लामिक कानुन मुख्य प्राथमिकतामा**

उहाँले भन्नुभयो, “इस्लामिक शासन कायम राख्ने, सम्पत्तिको रक्षा गर्ने, जनताको जीवन रक्षा गर्ने र हाम्रो राष्ट्रको सम्मान गर्ने जिम्मेवारी तालिबान सरकारको हो ।”

अखुन्दले मङ्गलबार एक विज्ञप्ति जारी गर्दै ‘यस मितिमा अल्लाहले मुजाहिद राष्ट्र अफगानिस्तानलाई एक अन्तर्राष्ट्रिय घमण्डी र कब्जा गर्ने शक्तिमाथि निर्णायक विजय प्रदान गर्नुभयो’ भन्नुभएको थियो ।

राजधानी र तालिबानको आध्यात्मिक अखडा कान्दाहारमा ‘विजयको दिन’को पूर्वसन्ध्यामा थप सुरक्षा व्यवस्था गरिएको छ ।

तालिवान आन्दोलनको उद्गमस्थल र धार्मिक आदेशमार्फत शासन गर्ने नेता हिवतुल्लाह अखुन्दजादाको घर रहेको दक्षिणी शहर कान्दाहारमा पनि ठूलो सुरक्षा र सजावट गरिएको छ ।

**बढ्दो मानवीय सङ्कट**

तालिवान अधिकारीहरूको लागि सुरक्षा एक प्रमुख प्राथमिकता रहेको छ र धेरै अफगानी नागरिकले लगातार २० वर्षको द्वन्द्वको अन्त्यमा राहत व्यक्त गरे तापनि अर्थव्यवस्था सङ्कटमा छ र समाजले बढ्दो मानवीय सङ्कटको सामना गरिरहेको छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी समूहको संयुक्त वक्तव्यमा दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायताको खाँचो रहेको भन्दै सहायता कोषको खाडल बढ्दै गएको चेतावनी दिइएको छ ।

ह्युमन राइट्स वाच (एचआरडब्लु) ले सार्वजनिक जीवनबाट वञ्चित र माध्यमिक तथा उच्च शिक्षाबाट प्रतिबन्धित महिलामाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्न तालिबान सरकारलाई दबाब दिन आग्रह गरेको छ ।

“तालिबानले कब्जा गरेको तेस्रो वर्षगाँठ अफगानिस्तानको मानव अधिकार सङ्कटको गम्भीर सम्झना हो, तर यो कार्यको आह्वान पनि हुनुपर्छ,” एचआरडब्ल्यूका लागि अफगानिस्तानका अनुसन्धाता फेरेस्ता अब्बासीले भन्नुभयो ।

## बंगलादेशको अन्तरिम सरकारलाई समावेशी हुन राष्ट्रसंघका प्रमुखको आग्रह

न्युयोर्क, ३० साउन (रासस/एएनआई) ।
संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बङ्गलादेशमा संसदीय चुनावको आह्वान गर्दै अन्तरिम सरकारलाई समावेशी हुन आग्रह गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका प्रमुखले महिला तथा अल्पसङ्ख्यक समुदायलाई निर्वाचनमा समावेश गर्न आग्रह गर्नुभएको हो ।

“महासचिव गुटेरेसले अन्तरिम सरकारको समर्थनमा बङ्गलादेशमा शान्ति पुनर्स्थापना गर्न संसदीय निर्वाचनको प्रयासलाई स्वागत गर्नुभएको छ,” महासचिवका उप-प्रवक्ता फरहान हकले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

“उहाँले महिला, युवा, अल्पसङ्ख्यक, आदिवासी समुदाय साथै सम्पूर्ण जनताको आवाजलाई ध्यानमा राख्दै समावेशीताको हरेक प्रयास जारी राख्न अन्तरिम सरकारलाई आग्रह गर्नुभयो ।”

बढ्दो विरोधका बीच आवामी लिगकी नेतृ शेख हसिनाले अगस्ट ५ मा प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि बङ्गलादेशले हाल अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ ।

मुख्यतया सरकारी जागिरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै विद्यार्थीको नेतृत्वमा भएको विरोध प्रदर्शन पछि सरकार विरोधी प्रदर्शनमा परिणत भएको थियो ।

देशमा चलिरहेको हिंसाको क्रममा बेपत्ता भएका परिवारका सदस्यहरूको पोस्टर लिएर विरोध प्रदर्शन गरिरहेका अल्पसङ्ख्यक हिन्दू समुदायका सदस्य र बङ्गलादेशी सेनाबीच मङ्गलबार झडप भएको थियो ।

बङ्गलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार, नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले मङ्गलबार ढाकाको ऐतिहासिक ढाकेश्वरी मन्दिरको भ्रमण गर्दै अल्पसङ्ख्यकहरूलाई देशमा सुरक्षा कायम गर्ने आश्वासन दिनुभएको छ ।

# वेवारिसे अवस्थामा १ सय १५ किलो गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

सप्तरी प्रहरीले वेवारिसे अवस्थामा १ सय १५ किलो लागु औषध गाजा बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय कंचनपुर र इलाका प्रहरी कार्यालय भारदहबाट खटिएको प्रहरी टोलीले सो गाजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरीका कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार हनुमाननगर कंकालिनी नगरपालिका १ गोलघरस्थित कोशी नदिको किनारमा काठको डुङ्गामा लोड गरि राखेको ८ बोरामा अन्दाजी १ सय १५ किलो गाजा बरामद गरिएको छ।

बरामद गाजा बारेमा थप अनुसन्धान तथा आवश्यक कानूनी प्रकृयाका लागि प्रक्रिया अगाडी बढाइएको उनको भनाई छ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्ने तयारी

काठमाडौँ, ३० साउन (रासस)।

प्रतिनिधिसभामाको बुधबारको बैठकमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक प्रस्तुत हुँदैछ। विधेयक बुधबारै पारित गर्ने सदनको तयारी छ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१ लाई पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत कार्यसूची छ।

कार्यसूचीअनुसार, त्यसअघि कानुनमन्त्री चौरसियाले 'कानुन, न्याय तथा मानवअधिकार समितिको प्रतिवेदनसहितको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुनेछ।

प्रतिनिधिसभाको मङ्गलबारको बैठकमा कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१ पेस गर्नुभएको थियो।

प्रतिनिधिसभाले उक्त विधेयक समितिमा छलफलका पठाएको थियो। विधेयक यही साउन २४ गतेको समितिको बैठकले सर्वसम्मतिले पारित गरेको थियो। समितिमा सहमति हुन नसकेका विधेयकका केही बुँदामा प्रमुख राजनीतिक दलका नेता सम्मिलित तीन सदस्यीय कार्यदलले सहमति जुटाएको थियो।

# मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेरसम्बन्धी संसद्लाई जानकारी

काठमाडौँ, ३० साउन (रासस)।

सभामुख देवराज घिमिरेले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेरसम्बन्धी पत्रको व्यहोरा सांसदसमक्ष पढेर सुनाउनुभएको छ।

मर्यादाक्रमअनुसार क्रमशः केपी शर्मा ओली (प्रधानमन्त्री), प्रकाशमान सिंह (उपप्रधान तथा सहरी विकासमन्त्री), विष्णुप्रसाद पौडेल (उपप्रधान तथा अर्थमन्त्री) पृथ्वीसुब्बा गुरुङ (सञ्चार तथा सूचना प्रविधिमन्त्री, रमेश लेखक (गृहमन्त्री), शरद्सिंह भण्डारी ( श्रम, रोजगार तथा सामाजिक सुरक्षा) र आरजु राणा देउवा ( परराष्ट्रमन्त्री), प्रदीप यादव ( खानेपानी मन्त्री) हुनुहुन्छ।

त्यसैगरी क्रमशः बलराम अधिकारी (भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री), दामोदर भण्डारी (उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, नवलकिशोर शाह सुडी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री), देवेन्द्र दाहाल (भौतिक पूर्वाधार तथा यातायातमन्त्री, तेजुलाल चौधरी (युवा तथा खेलकुदमन्त्री) बद्रीप्रसाद पाण्डे (संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, अजयकुमार चौरसिया (कानुन, न्याय तथा संसदीय मामिलामन्त्री), प्रदीप पौडेल ( स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री), रामनाथ अधिकारी (कृषि तथा पशुपन्छी विकासमन्त्री), विद्या भट्टराई (शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री), मानवीर राई ( रक्षामन्त्री), दीपक खड्का ( ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री), राजकुमार गुप्ता (सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री र ऐनबहादुर शाही ठकुरी (वन तथा वातावरण) रहनुभएको छ।

# एक हजार सदस्यीय समितिको घोषणा गर्दै राजेन्द्र महतो

**दैनिक समाचारदाता**
**राजविराज, ३० साउन ।**

राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले राष्ट्रिय मुक्ति क्रान्तिका लागि एक हजार सदस्यीय एक समितिको घोषणा गर्ने भएका छन्।

सो समितिको घोषणा साउन ३२ गते गर्ने तयारी भइरहेको राष्ट्रिय मुक्ति क्रान्तिका नेता सन्तोष मेहताले बताएका हुन्।

साहका अनुसार बहुल राष्ट्रिय सभा, राष्ट्रिय सभा राष्ट्रिय परिषद् र नेसनल प्लेनियममध्ये एउटा नाम राख्ने मोटामोटी सहमति भएको र आज-भोलिसम्ममा टुङ्गो लाग्नेछ।

राष्ट्रिय मुक्ति क्रान्ति घोषणा गर्दा राजेन्द्र महतोलाई मात्र संयोजक बनाइएको थियो। अरू सबै साधारण सदस्य थिए। अब संयोजकसहित ९९९ जनालाई सदस्य राखिने उनको भनाई छ। राष्ट्रिय मुक्ति क्रान्तिमा संयोजकबाहेक अरू सबै सदस्य रहनेछन्।

अन्य पदहरू भने सिर्जना नगर्ने नेता मेहताले बताए। सो समिति अन्तर्गत विभिन्न ५५ वटा परिषद्हरू रहनेछन्। ती परिषद्को पनि संयोजक मात्र रहने छन् भने बाँकी सबै सदस्य रहने राष्ट्रिय मुक्ति क्रान्तिले जनाएको छ।

त्यसबाहेक सोही समितिबाट भूगोल कमान्ड, ब्युरो, विशेष ब्युरो तथा भातृ सङ्गठनहरूको संयोजक बनाउने तयारी रहेको छ। भूगोल कमान्ड, ब्युरो, विशेष ब्युरो, भातृ सङ्गठनमा पनि एक-एक जना मात्र संयोजक रहने अरू सबै सदस्यमा रहने नेता मेहताले बताए।

यही समितिले एउटा गोलमेच सम्मेलनको आयोजना गरी कार्तिक मसान्तसम्म एउटा पार्टी निर्माण गर्ने राष्ट्रिय मुक्ति क्रान्तिले जनाएको छ। पार्टी बने पनि राष्ट्रिय मुक्ति क्रान्ति एउटा अभियानको रूपमा रहिरहने बताइएको छ। रातोपाटीबाट

## छिन्नमस्ता मन्दिर ...

यसअघि साउन २४ गते मन्दिरका पिठाधीश महाकान्त ठाकुर तथा मन्दिर संरक्षण सम्बर्द्धन समितिका सचिव बाबु नारायण मण्डलले एक प्रेस विज्ञप्ति जारी गर्दै मन्दिर समितीको नियमित कामकाजमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो गरेका थिए।

विज्ञप्तिमा केही ब्यक्तिहरुले विभिन्न गुट, उपगुट बनाई पुजारी तथा समितिका पदाधीकारीहरुमाथी अनावश्यक दवाव दिने, निर्णयहरुमा हस्तक्षेप गर्ने, अमर्यादित ब्यवहार गर्ने र धाकधम्की समेत दिएर तर्साउन खोज्ने लगायतका गतिवीधी हुन थालेको जनाइएको थियो।







## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*